15 July 2024

National News

मुख्य समाचार

- भारतले सामुदायिक विकासका चार परियोजनाहरू लागू गर्न मार्शल आइल्याण्डससित समझौता पत्रमा गऱ्यो हस्ताक्षर
- श्री केपी शर्मा ओली चौथो पल्ट नेपालको प्रधानमन्त्री बन्नुभयो, श्री मोदीले दिनुभयो बधाई
- लगातार चौथो महिना देशको थोक मुद्रास्फीतिमा वृद्धि दर्ता
- ओडिशाको पुरीमा विश्व प्रसिद्ध बहुडा यात्रा आयोजना
- कोलम्बियालाई हराएर अर्जेन्टिनाले कोपा अमेरिका च्याम्पियनसिप जित्यो

जयशंकर - मार्शल टापु

विदेश मन्त्री डा. सुब्रमण्यम जयशंकरले भन्नुभएको छ, भारत र मार्शल आइल्याण्डसको मैत्रीपूर्ण सम्बन्धको लामो इतिहास छ । मार्शल आइल्याण्डसमा चार सामुदायिक विकास परियोजना कार्यान्वयन गर्न भारतले समझौतापत्रमा हस्ताक्षर गरेको छ।

डा. जयशंकरले प्रशान्त क्षेत्रका यी टापुहरू साना टापुहरू मात्र नभई विशाल सामुद्रिक देश भएको बताउनु भयो । उहाँले प्रशान्त क्षेत्रका टापुहरूलाई दिगो विकासको खोजीमा सहयोग गर्नु भारतले आफ्नो दायित्व ठानेको बताउनु भयो। विदेश मन्त्रीले भन्नुभयो, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, गरिबी उन्मूलन र स्वास्थ्य सेवा साझा चुनौतीहरू हुन्, जसलाई भारत र मार्शल आइल्याण्डसले मिलेर सम्बोधन गर्न आवश्यक छ। उहाँले भारतलाई यस सम्बन्धमा प्यासिफिक आइल्याण्डसको साझेदार हुने सौभाग्य प्राप्त भएको बताउनु भयो।

नेपाल प्रधानमन्त्री

नेपालमा श्री केपी शर्मा ओलीले आज चौथोपल्ट प्रधानमन्त्रीको रूपमा शपथ ग्रहण गर्नुभयो। राष्ट्रपति भवनको मुख्य भवन शितल निवासमा राष्ट्रपति श्री रामचन्द्र पौड्यालले श्री ओलीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो।

नवनियुक्त २१ जना मन्त्रीलाई पनि राष्ट्रपति श्री पौड्यालले सपथ ग्रहण गराउनुभयो। श्री ओलीको नेतृत्व रहेको मन्त्रीपरिषदमा नेपाली कंग्रेस, नेकपा एमाले, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका मन्त्रीहरु सामेल छन्।

यसैबीच, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले श्री केपी शर्मा ओलीलाई नेपालको नयाँ प्रधानमन्त्री बन्नु भएकोमा बधाई दिनु भएको छ। आफ्नो बधाई सन्देशमा श्री मोदीले भारत र नेपालको

मित्रताको घनिष्ट सम्बन्धलाई थप सुदृढ गर्न र द्विपक्षीय सहयोग र पारस्परिक हितलाई थप प्रवर्द्धन गर्न मिलेर काम गर्ने बताउनु भएको छ।
सोहीप्रकारले, विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकरले आरज़ू राणा देउबालाई  नेपालका विदेश मन्त्री बन्नुभएकोमा बधाई दिनुभएको छ।

## जयन्त - विश्व कौशल दिवस

कौशल विकास तथा उद्यमशीलता मन्त्री श्री जयन्त चौधरीले स्किल इन्डिया योजना अन्तर्गत हालसम्म १ करोड ४६ लाखभन्दा धेरै मानिसलाई कौशल विकास तालिम दिइएको बताउनु भएको छ।  आज नयाँ दिल्लीमा विश्व युवा कौशल दिवस कार्यक्रमलाई सम्बोधन गर्दै श्री चौधरीले भन्नुभयो, भारतले कौशल विकास र उद्यमशीलताको क्षेत्रमा राम्रो काम गरेको छ। यसका लागि दश वर्षअघि विशेष मन्त्रालय बनेको थियो। उहाँले विगत १० वर्षमा यस क्षेत्रमा हासिल गरेका उपलब्धिबाट पाठ सिकेर आफ्नो मन्त्रालयले सन् २०४७ मा भारतलाई विकसित राष्ट्र बन्न योगदान पुऱ्याउन थप समावेशी योजना बनाउने बताउनु भयो। उहाँले यस वर्षको नारा शान्ति र विकास रहेको बताउनु भयो। उहाँले शान्तिबाट मात्रै विकास हुन सक्ने बताउनु भयो।

## कोइला खानी

कोइला मन्त्रालयले आज सातौं चरणको दोस्रो प्रयासअन्तर्गत तीनवटा कोइला खानी लिलामीका लागि कोइला खानी विकास तथा उत्पादन सम्झौता कार्यान्वयन गरेको छ। व्यावसायिक कोइला खानी अन्तर्गत माछेकाटा कोइला खानी, कुडन्ली लुब्री कोइला खानी र सखीगोपाल–बी काकुर्ही कोइला खानीका लागि सम्झौता कार्यान्वयनमा आएको छ। यसमा एनएलसी इन्डिया लिमिटेड, गुजरात मिनरल डेभलपमेन्ट कर्पोरेशन लिमिटेड, अनि तमिलनाडु जेनेरेसन एण्ड डिस्ट्रिब्युसन कर्पोरेशन लिमिटेडले लिलामीमा सफलता हासिल गरेका छन्। यी तीन खानीको व्यावसायिक लिलामीबाट लगभग तीन हजार करोड रुपियाँको वार्षिक आम्दानी हुने अनुमान छ। यी खानीमा लगभग ४० हजार मानिसले प्रत्यक्ष र परोक्ष रोजगारी पाउनेछन्।

[WPS I- मुद्रास्फीति](#)

देशको थोक मुद्रास्फीति लगातार चौथो महिना बढेको छ। खाद्यवस्तु, विशेषगरी सागसब्जी तथा उत्पादित वस्तुको मूल्यवृद्धिका कारण जून महिनामा थोक मुद्रास्फीति तीन दशमलब तीन–छ प्रतिशत रहेको छ । थोक मूल्य सूचकांकमा आधारित मुद्रास्फीति मई महिनामा दुई दशमलब छ-एक प्रतिशत थियो। गत वर्षको जुनमा यो माइनस चार दशमलव एक-आठ प्रतिशत थियो। तथ्यांकअनुसार खाद्य वस्तुको मुद्रास्फीति मईमा ९ दशमलब ८–२ प्रतिशतको तुलनामा जूनमा १० दशमलब ८–७ प्रतिशत पुगेको छ ।

सागसब्जीको मुद्रास्फीति जूनमा ३८ दशमलब ७–६ प्रतिशत पुगेको छ, जो मई महिनामा ३२ दशमलब ४–२ प्रतिशत थियो । जूनमा प्याजको मुद्रास्फीति ९३ दशमलब ३–५ प्रतिशत, आलुको ६६ दशमलब ३–७ प्रतिशत र दालको २१ दशमलब ६–४ प्रतिशत थियो । इन्धन र बिजुली वर्गमा मुद्रास्फीति १ दशमलब ०-३ प्रतिशत रहेको छ, जो मई महिनाको १ दशमलब ३-५ प्रतिशतको तुलनामा केही कम हो। उत्पादित वस्तुको मुद्रास्फीति १ दशमलब ४–३ प्रतिशत रहेको छ, जो मई महिनाको ० दशमलब ७–८ प्रतिशतभन्दा धेरै हो । जुनमा थोक मूल्य सूचकांकमा आधारित मुद्रास्फीति महिनाको खुद्रा मुद्रास्फीतिसँग मिल्दोजुल्दो थियो। जुनमा खुद्रा मुद्रास्फीति बढेर चार महिनाकै उच्च ५ दशमलब १ प्रतिशत पुगेको छ ।

बंगला-टिस्टा परियोजना

बंगलादेशकी प्रधानमन्त्री श्रीमती शेख हसिनाले भारतले टिस्टा परियोजना कार्यान्वयन गरोस् भन्ने आफ्नो चाहना रहेको बताउनु भएको छ। उहाँले टिस्टा परियोजनाका सम्बन्धमा चीनले केही प्रस्ताव राखेको र सम्भाव्यता अध्ययन गरेको बताउनु भयो । उहाँले भारतले पनि प्रस्ताव राखेको र सम्भाव्यता अध्ययन गर्ने बताउनु भयो। यसका लागि भारतलाई प्राथमिकता दिइने उहाँले बताउनु भयो ।

श्रीमती शेख हसिनाले भन्नुभयो, भारत टिस्टाको पानीसँग जोडिएको छ, त्यसैले यो परियोजना भारतले कार्यान्वयन गरोस् भन्ने हाम्रो चाहना हो।

विदेश सचिव

भारतीय विदेश सेवाका अधिकारी श्री विक्रम मिस्रीले आज विदेश सचिवको पदभार ग्रहण गर्नुभयो। श्री मिस्री १९८९ ब्याचका अधिकारी हुनुहुन्छ अनि उहाँले चीन, म्यानमार र स्पेनका लागि भारतीय राजदूतको रूपमा पनि काम गरिसक्नु भएको छ। उहाँ सन् १९९७ मा श्री

इन्द्रकुमार गुजराल, २०१२ मा श्री मनमोहन सिंह र २०१४ मा श्री नरेन्द्र मोदी गरी तीन जना प्रधानमन्त्रीका निजी सचिव पनि रहनु भएको थियो।

ओडिशा बहुडा यात्रा

ओडिशाको पुरीमा आज विश्व प्रसिद्ध बहुडा यात्रा आयोजना भयो । यो भगवान जगन्नाथ, उनका दाजु भगवान बलभद्र र बहिनी देवी सुभद्रा र भगवान सुधाशनको फिर्तीको पर्व हो। पुरीमा बिहानैदेखि लाखौं भक्तजनको भिड लागेको थियो । भगवान जगन्नाथ र उनका दाजुबहिनीहरू बहुडा यात्राको क्रममा गुन्डिचा मन्दिरबाट श्री मन्दिर फर्कन्छन्। तीनवटै रथ तान्न अघि सबै अनुष्ठान गरिएको थियो ।

यस अवधिमा पुरीका राजा श्री गणपति दिव्यान सिंह देबले सुनको कुचोले तीन वटै रथको अगाडि सफा गर्नुभएको थियो। रथलाई श्री मन्दिरतर्फ लैजाने यात्रा बेलुकी 4 बजी शुरु भएको थियो।

कोपा-अमेरिका-अर्जेन्टिना

अर्जेन्टिनाले आज बिहान कोलम्बियालाई १–० ले हराउँदै लगातार दोस्रो पल्ट कोपा अमेरिका च्याम्पियनसिप जितेको छ ।

मियामीको हार्ड रक स्टेडियममा भएको अतिरिक्त समयको दोस्रो हाफमा लाउटारो मार्टिनेजले विजयी गोल गरेका थिए। लाउटारो मार्टिनेजले कोपा अमेरिकाको गोल्डेन बुट जितेका छन् । उनले प्रतियोगितामा सर्वाधिक पाँच गोल गरेका थिए ।

अर्जेन्टिनाले कीर्तिमानी १६ पल्ट कोपा अमेरिकाको उपाधि जितेको छ । सन् २०२२ मा कतारमा भएको फिफा विश्वकप पनि अर्जेन्टिनाले जितेको थियो ।